


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २०६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन २४ गते आइतबार ❑ 8 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## बाढी प्रभावित जनतालाई सरकारले सहयोग गर्छ: अध्यक्ष प्रचण्ड

**रासस**
**मनाङ, २३ साउन**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाढी प्रभावित जनतालाई सरकारले पूर्णरूपमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

हिमालपारिको जिल्ला मनाङमा गत असार १ गते गएको बाढी प्रभावित क्षेत्रको शनिबार भ्रमण तथा अवलोकन गर्ने क्रममा उनले भने, 'यो सरकारको साथ तपाईँहरुलाई छ, तपाईँहरुको दुःखको साथमा हामी छौँ, गठबन्धन सरकार छ।'



अध्यक्ष प्रचण्डले सिन्धुपाल्चोक र मनाङमा १०० वर्ष यताकै ठूलो बाढी र पहिराले धेरै क्षति पुर्‍याएको उल्लेख गर्दै यसको समाधानका लागि भूगर्भविद् बाट अध्ययन गराएर दीर्घकालीन योजना बनाउने बताए । उनले भने, 'तत्कालका लागि प्रभावित जनताको बसोबास र खाद्यान्न व्यवस्था गर्नेछौँ । दीर्घकालीनरूपमा पनि हामीले योजना बनाउने छौँ ।'

पूर्वप्रधानमन्त्रीसमेत रहेका प्रचण्डको नेतृत्वमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाललगायत जनप्रतिनिधिको टोलीले मनाङका पिसाङ, चामे, नासों गाउँपालिकाका विभिन्न वडाको बाढी प्रभावित क्षेत्रको अवलोकन गरेको छ।

## पुम्दी भुम्दीको नियालेडाँडालाई पर्यटकीय गन्तव्य बनाउनु पर्छ: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ साउन**

गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बराल जीवनले पोखरा २२ को पुम्दी–भुम्दी स्थित नियालेडाँडालाई पनि पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नुपर्ने बताएका छन् ।

कालाबाङ घरेडी पोखरा तमु समाजको आमा समूहले हालै निर्माण गरेको सभाहलको शनिबार एक समारोहका बिच उद्घाटन गर्दै मन्त्री बरालले पुम्दी भुम्दीको बृहत विकासको लागि अब नियालेडाँडालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नुपर्ने बताएका हुन् । उनले भने "पोखरा २२ को पुम्दी भुम्दीमा विश्व शान्ति स्तुपाः, हालै निर्माण भएको बिशाल महादेवको मुर्ति पर्यटीय गन्तव्यको रुपमा स्थापित भएकाछन, अब कालाबाङ घरेडीलाई पनि पर्यटीय गन्तव्यको रुपमा विकास गर्दै थाप्लेडाँडा (उल्लेरी–ढाँवा) सम्मको लागि बृहत योजनाका साथ विकास गर्नुपर्छ ।" पुम्दी भुम्दीको विकासको लागि छोरेपाटन देखि शान्तिस्तुपा, लुकुन्स्वाँरा, कालाभाङ, काभ्रे, उल्लेखरी ढाँवा हुदै कुभिण्डेसम्मको सडक स्तरोन्नतीको



लागि पिच सडक आवश्यक भएको मन्त्री बरालले बताए । उक्त सडकको लागि ५५ करोडको डिपिआर समेत भएको उनले जनाए।

अर्थमन्त्री बरालले जनताको चाहनामा तुषारापात हुन नदिने प्रतिबद्धता व्यक्त गरे । राजनीतिक जटिलता र कोरोना महामारीकाबीच विषम परिस्थितिमा आफू मन्त्री बनेको भन्दै उनले भने,'सके राम्रो गर्छु, नसके तपाईंहरुले भनेजस्तै नराम्रो त कुनैपनि हालतमा गर्दिन ।' कुनै पनि जाति तथा समुदायको कला संस्कृति र भाषा देशको पुंजि भएकोले त्यसको संरक्षण गर्नु सवैको दाहित्व भएको मन्त्री बरालले जनाए।

कार्यक्रममा सहभागि वक्ताहरुले अर्थमन्त्री बराललाई उदाहरणीय कार्य गरेर देखाउन सुझाव दिएका छन् । कालाबाङ घरेडी पोखरा तमु समाजका सल्लाहकार गौप्रसाद गुरुङले गण्डकी प्रदेशलाई नमूना प्रदेश बनाउनेगरी काम गर्न आग्रह गरे । उनले भने,' हिजो जनयुद्ध गर्दा ज्यानको बाजी थापेर हिंड्नुभयो, अबपनि सके राम्रो गर्नुस्, नत्र नसकेपनि नराम्रो नगर्नुस्, भोलि हामीले पनि नेता होस् त रामजी बरालजस्तो भन्न पाइयोस् ।' समाजका अध्यक्ष दुर्गाबहादुर गुरुङले कालाबाङ घरेडीबासी हिजोजस्तो कार्यकर्ता भएर जुनमा भन्छन् त्यसैमा भोट हाल्न तयार नभएको बताए । उनले भने,अब हामी पार्टी हेरेर भोट हाल्दैनौं, 'हाम्रोलाई होइन राम्रोलाई भोट हाल्छौं ।' यसअघी २/२ पटक मन्त्री पाएरपनि कालाबाङसहित पुम्दीभुम्दीमा विकासका कुनैपनि काम नभएको इतिहास खोतले । उनले भने,' हिजो हामीले सरकार भएको अनुभूति गर्न पाएनौं, यसपटक तपाईंबाट आशा गरेका छौं ।' आमा समूहकी अध्यक्ष मीनु गुरुङले अर्थमन्त्री बरालबाट पुम्दीभुम्दी मात्र नभई समग्र गण्डकी प्रदेशले आशा गरेको बताइन् । ' हिजोको तरिकाले आज चल्दैन, अब केहि नया र राम्रो गर्ने अपेक्षा जनताले गरेका छन्'-उनले भनिन् । आमा समूहकी उपाध्यक्ष शर्मिला गुरुङले प्रदेशको विकास गरेर रामजी बरालसँगै समग्र पुम्दीभुम्दीकै नाम आग्रह गरिन् ।

यसैबिच मन्त्री बरालको जन्म दिनको अवसरमा शनिबार नै समाज र आमा समुहले मन्त्री बराल सहित उनकी धर्मपत्नी बुद्धिमाया बराललाई सम्मान तथा बधाई ज्ञापन समेत गरेका छन्। साथै उहाँको जन्मउत्सवको अवसरमा समाजले केक समेत काटेर शुभकामना व्यक्त गरेको सहसचिव उषा गुरुङले बताइन । १ सय १९ घर परिवार समाजमा आबद्ध रहेका छन भने समाजले करिब १० लाखको लागतमा उक्त सभाहल निर्माण गरेको हो । साथै उक्त अवसरमा संचारकर्मी युग गुरुङलाई समेत सम्मान गरिएको थियो।

## एसईईको नतिजा सार्वजनिक

**रासस**
**काठमाडौं, २३ साउन**

राष्ट्रिय परीक्षा बोर्डले २०७७ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा शनिार सार्वजनिक गरेको छ।

बोर्डको आज बसेको बैठकले चार लाख ८४ हजार २७८ विद्यार्थीको नतिजा सार्वजनिक गरेको परीक्षा नियन्त्रक रुद्रप्रसाद अधिकारीले जानकारी दिए।

नतिजा सार्वजनिक गर्दा बोर्डले यस वर्ष पनि कति विद्यार्थीले कुन जिपए पाए भन्ने विवरण भने सार्वजनिक गरेको छैन । नतिजा सार्वजानिक गर्दै परीक्षा नियन्त्रक अधिकारीले भने, "यस वर्ष बोर्डले कति विद्यार्थीले कुन जिपिए ल्याए भने छुट्याएनौँ, जिल्लाबाट प्रमाणीकरण भएर आएको मूल्याङ्कनको नतिजालाई नै बोर्डले प्रमाणीकरण गरेको छ।"

विद्यार्थी अध्ययन गरेकै विद्यालयले गरेको मूल्याङ्कन सङ्कलन गरी बोर्डले प्रमाणित गरेर नतिजा प्रकाशन गरेको हो । कोरोना भाइरस सङ्क्रमण बढेपछि यस वर्ष विद्यार्थीको भौतिकरुपमा परीक्षा सञ्चालन नगरी विद्यालयको आन्तरिक मूल्याङ्कनका आधारमा एसईईको नतिजा सार्वजनिक गरेको हो । नतिजा बोर्डको वेबसाइट, एसएमएस र आइभीआरमार्फत प्राप्त गर्न सकिने उहाँले बताउनुभयो । बोर्डले नियमित तथा ग्रेडवृद्धि परीक्षाको नतिजा नेपाल टेलिकमको १६००, एनसेलको, १६००, अन्य विभिन्न कम्पनीको ३४९४९, ३१००३, ३५००१ मा एसएमएस गरेर हेर्न सकिने व्यवस्था गरेको छ। विद्यार्थीले www.see.gov.np, www.neb.gov.np, www.theconnectplus.com, www.see.edusanjal.com, www.see.ntc.net.np, www.ekantipur.com, www.ncell.axiata.com बाट पनि एसईईको नतिजा थाहा पाउने व्यवस्था गरेको छ। नतिजा प्रकाशन भएपछि विद्यार्थीलाई पुनर्योग गराउने, उत्तरपुस्तिका हेर्ने, पुनःपरीक्षण गराउने र पूरक ग्रेडवृद्धि परीक्षा सञ्चालनसम्बन्धी भने नहुने भएको छ । बोर्डले व्यक्तिगत विवरणमा त्रुटि भएकाको हकमा भने ३५ दिनभित्र जिल्लास्थित शिक्षा तथा समन्वय इकाइमा निवेदन दिनुपर्ने व्यवस्था गरेको छ।

## ऋिषिङका पहिरोपीडितलाई मुख्यमन्त्री पोखरेलले हस्तान्तरण गरे राहत

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ साउन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले तनहुँ जिल्लाको ऋिषिङ गाउँपालिकामा बाढीपहिरोबाट निधन हुने २ जनाको परिवारलाई राहत हस्तान्तरण गरेका छन् ।




गाउँपालिका भवनमा शुक्रबार भएको कार्यक्रममा उनले उक्त राहत वितरण गरेका हुन् । ऋिषिङका देवीसरा थापा र खुमबहादुर आलेको परिवारलाई संघ सरकारको जनही २ लाख, प्रदेश सरकारको तर्फबाट जनही ५० हजार रुपैयाँ मुख्यमन्त्री पोखरेलले हस्तान्तरण गरे । खुमबहादुर आले गाउँपालिकाका सुरक्षा गार्ड हुन् । असार २४ गतेको झरीपछि आएको पहिरोमा परी ऋिषिङ मा २ जनाका निधन भएको थियो।

पहिरोले ऋिषिङ का धेरै बस्ती जोखिममा पर्नुका साथै सकडमा क्षति पुगेको छ । सडक खुलाएर तत्काल यातायात सञ्चालन गर्न प्रदेश सरकारले २५ लाख रुपैयाँ उपलब्ध गराएको थियो।

कार्यक्रममा मुख्यमन्त्री पोखरेलले परिवर्तित राजनीतिक परिस्थितिका कारण गण्डकीमा सरकार फेरिएको भन्दै सिमित स्रोत र साधनबीच पनि प्रदेशवासीलाई सेवा दिन पछि नपर्ने प्रतिबद्धता जनाए । पञ्चायतकालमा राजनीतिक संगठनका लागि ऋिषिङ मा पुगेको स्मरण गर्दै उनले उक्त क्षेत्रको विकासका लागि स्थानीय तह, प्रदेश र संघ सरकार मिले अगाडि बढ्नुपर्ने बताए । कालीगण्डकी डाइभर्सनका बारेमा स्थानीयले राखेको चासोबारे सम्बोधन गर्दै उनले कुनै पनि हालतमा यो आयोजना सञ्चालन हुन नदिने भनाइ राखे। उनले भने, 'बुटवलमा कार्यालय खुलेदेखि नै गण्डकी प्रदेश सरकारले यो आयोजनाको विरोध गरेको छ, सर्बपक्षीय बैठक नै गरेर पनि धारणा सार्वजनिक गरेका छौं, डाइभर्सन कुनै हालतमा हुँदैन । पोखराबाट नवलपुर जोड्नका लागि व्यवस्थित सडक नभएकोतिर इंगित गर्दै उनले यसका लागि अहिले भ्यालवास डेढगाउँ सडकलाई सरकारले प्राथमिकतामा राखेको भनाइ राखे । अहिले डबल लेनको बन्ने सडक ठेक्का प्रक्रियामा गइसकेको छ।

कार्यक्रममा संविधानसभा सदस्य रामचन्द्र पोखरेल, झुलबहादुर आले, गण्डकी प्रदेशमा नेपाली कांग्रेस संसदीय दल सचेतक ओमकला गौतम, प्रदेश सभा सदस्य डोबाटे विक, सरीता गुरुङले प्राकृतिक विपत्तिले ऋिषिङ मा ठूलो क्षति पुर्‍याएको भन्दै यसका लागि ३ वटै तहका सरकारले समन्वय गरेर काम गर्न आग्रह गरे । जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्ले, उपप्रमुख पवित्रा पौडेल, गाउँपालिका उप्रप्रमुख गिलुमाया थापा लगायतले कार्यक्रममा बोलेका थिए । गाउँपालिका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले पहिरोले क्षतिग्रस्त भएको ऋिषिङ लाई पुरानै अवस्थामा पुर्‍याउन सहकार्य जरुरी रहेको भनाइ राखे । तनहुँका प्रमुख जिल्ला अधिकारी सागरराज आचार्यले घर क्षति भएकाहरूलाई

बाँकी अन्तिम पृष्ठमा ▶▶



# रोटरी क्लब लेकसाइडको अध्यक्षमा आले

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ साउन**

रोटरी क्लब अफ पोखरा लेकसाइडको छैटौं पदस्थापनबाट वर्ष २०२१/२२ अध्यक्ष हुमबहादुर आलेले पदभार ग्रहण गरेका छन्।



रोटरी इन्टरनेशनलका असिस्टेन्ट गभर्नर सन्तोष पोखरेलले उनलाई आगामी सन् २०२१/२२ का शुक्रबार आयोजित समारोहमा पदभार ग्रहण गराएका हुन्। यस्तै आइपिपि अर्जुनप्रसाद खनालले चार्टर सर्टिफिकेट तथा पिन प्रदान गर्दै सफलताको कामना गरे।

प्रमुख अतिथि गण्डकी प्रदेशका भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्री कुमार खड्काले कार्यक्रम उद्घाटन गर्दै रोटरीको सामाजिक कार्यको प्रशंसा गरे। उनले प्रदेशको विकास र समुन्नतिको लागि रोटरियनको साथ र सहयोग आवश्यक हुने बताए। असिस्टेन्ट गभर्नर पोखरेलले नेपालका रोटरीमध्ये रोटरी लेकसाइडको कार्यको उच्च मूल्यांकन गरिएको भन्दै अझ सफलताको कामना गरे। आइपिपि अर्जुनप्रसाद खनालले कोरोना महामारीको विषम परिस्थितिबीच आफ्नो कार्यकाल सफल पार्न सहयोग गर्ने सम्पूर्णमा आभार व्यक्त गरे। १ वर्षे कार्यकालमा भएका गतिविधि प्रस्तुत गर्दै उनले सहयोगीलाई मायाको चिनो प्रदान गरे भने उत्कृष्ट सदस्यको रुपमा कृष्णबहादुर थापालाई सम्मान गरे।

गभर्नरका स्पेसल प्रतिनिधि विनोद कोइरालाले आफू क्लबको स्थापनादेखि नै विभिन्न सर्भिस प्रोजेक्टमा नजिक रहेको उल्लेख गर्दै क्लबले विषम परिस्थितिमा पनि गरेका कार्यको उच्च प्रशंसा गरे। प्रमुख अतिथिको परिचय क्लब डाइरेक्टर कृष्णबहादुर थापाले दिएका थिए। क्लबले निर्माण गर्न लागेको किड्नी केयर सेन्टर निर्माण समिति संयोजकसमेत रहेका थापाले सोको लागि आवश्यक गर्न सरकारका प्रवक्ता समेत रहेका भौतिक पूर्वाधार मन्त्रीको ध्यानाकर्षण गराए। पोखरा ७ मा बन्न लागेको किड्नी केयर सेन्टरमा हालसम्म कार्यालय र ल्याब गरी ४५ लाख रुपैयाँ खर्च भइसकेको उनले बताए। यस्तै, वर्ष २०२१/२२ का अध्यक्ष हुमबहादुर आलेको परिचय क्लब मेन्टर राजेन्द्र लिगलले गराएका थिए। अध्यक्ष आलेले आफ्नो कार्यकालका लागि क्लब अफ एक्सन प्रस्तुत गर्दै बोर्ड अफ डाइरेक्टरलाई पिन प्रदान गरेका थिए। सो अवसरमा क्लबले प्रकाशन गरेको स्मारिका 'द फेवा' विमोचन गरिएको थियो। स्मारिकामा क्लबको गतिविधि, पठनीय लेखरचना तथा सदस्य र तिनका परिवारका सदस्यको विस्तृत परिचय समेटिएको क्लब एडिटर सुभाष मल्लले बताए। कार्यक्रममा स्वागत पास्ट प्रेसिडेन्ट घराना थकाली, सञ्चालन सचिव राजन कुमाल र धन्यवाद ज्ञापन ऋषिराम सापकोटाले गरेका थिए। क्लबमा हाल ४८ सदस्य रहेको सर्जेन्ट एट आर्मस् विश्वदर्शन पराजुलीले बताए।

# राष्ट्रिय फुटबल टोलीको प्रशिक्षण पोखरामा

**पोखरापत्र संवाददाता**
**कास्की, २३ साउन**

नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीले पोखरामा दुई साता प्रशिक्षण गर्ने भएको छ।

आसन्न साफ च्याम्पियनसिपको तयारीमा रहेको राष्ट्रिय टोलीका ३६ खेलाडी तथा प्रशिक्षक र टिम व्यवस्थापकसहित ४५ सदस्यीय टोलीले यही साउन २६ गतेदेखि कम्तीमा दुई साता पोखरामा प्रशिक्षण गर्ने अखिल नेपाल फुटबल संघ (एन्फा)का महासचिव इन्द्रमान तुलाधरले जानकारी दिनुभयो।

राष्ट्रिय टोलीले मुख्यगरी पोखरास्थित अन्तर्राष्ट्रिय फुटबल रङ्गशालामा अभ्यास गर्ने छ। यसबाहेक नेपाली सेनाको विजयपुर बाहिनीअन्तर्गतको खेलमैदान, सशस्त्र प्रहरीको खेलमैदान र सहारा क्लबले पोखरा-१७ दोविल्लामा सञ्चालन गरेको सहारा एकेडेमीको मैदानमा समेत अभ्यास गर्ने योजना रहेको बताइएको छ। राष्ट्रिय टोली पोखरामा अभ्यासका लागि आउने भएपछि एन्फा महासचिव तुलाधरलगायतको टोलीले आज पोखरा रङ्गशालाको निरीक्षण गरेको छ। यसैगरी टोलीका प्रमुख प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीलगायतले पनि केही दिनअघिदेखि यहाँको वातावरण, खेल पूर्वाधारलगायतको निरीक्षण गर्नुभएको थियो। 'राष्ट्रिय टोलीले पोखरामा कम्तीमा दुई साता प्रशिक्षण गर्ने निश्चित भएको छ, यहाँको अभ्यासले टोलीलाई मानसिक र शारीरिकरूपमा फिट बनाउने विश्वास लिएका छौँ', महासचिव तुलाधरले भन्नुभयो, 'सम्भव भएसम्म राष्ट्रिय टोलीको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलसमेत पोखरामा गराउने योजनामा छौँ।'

पोखरा रङ्गशालामा निर्माणाधीन केही पूर्वाधार दुई सातामा सम्पन्न भएमा मैत्रीपूर्ण खेल हुनसक्ने उहाँले बताउनुभयो। छिमेकी मुलुक भारतले नेपाली राष्ट्रिय टोलीसँग दुईवटा मैत्रीपूर्ण फुटबल म्याचका लागि प्रस्ताव गरिसकेको बताउँदै आगामी सेप्टेम्बरको २ र ७ मा खेल सञ्चालन हुने एन्फाले जनाएको छ। राष्ट्रिय टोलीका खेलाडी अहिले घर बिदामा हुनुहुन्छ। बिदालगत्तै सबै खेलाडीको प्रशिक्षण पोखरामा शुरु हुने बताइएको छ।

# ३ हजार २१८ संक्रमित, १९ को मृत्यु

**रासस**
**काठमाडौं, २३ साउन**

पछिल्लो २४ घण्टामा नेपालमा तीन हजार २१८ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार १३ हजार ५७३जनाको नमूना परीक्षणमा शनिबार थप तीन हजार २१८ जनामा सङ्क्रमण पुष्टि भएको हो। पछिल्लो २४ घण्टामा एक हजार ७२२ जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या छ लाख ६७ हजार २७० जना पुगेको छ।

नेपालमा निको हुने दर ९३.६ प्रतिशत छ। यस्तै पछिल्लो २४ घण्टामा कोरोना भाइरस सङ्क्रमणका कारण १९ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ। अहिलेसम्मनेपालमा कोरोना भाइरस सङ्क्रमणका कारण१० हजार ३८ जनाको मृत्यु भइसकेको छ। नेपालमासङ्क्रमणका कारण मृत्यु हुने दर एक दशमलव पाँच प्रतिशत रहेको छ। यसैगरी ७४६ जना सघन उपचारकक्ष (आइसीयू) र १६९ जना भेन्टिलेटरमा उपचार गराइरहेका छन्।

# पहिरो पीडितलाई लामा अमृत फाउण्डेशनको सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ साउन**

अन्नपूर्ण गाउँपालिका वडा १० र ११ घान्द्रुकका पहिरो पीडितलाई लामा अमृत फाउण्डेशन घान्द्रुकले राहतस्वरूप रु १३ लाख नगद सहयोग गरेको छ। बिहीबार घान्द्रुकमा आयोजित एक कार्यक्रमका बीच फाउण्डेशनका अध्यक्ष अमृत गुरुङले पहिरो पीडित १२ परिवारलाई सो रकम हस्तान्तरण गरेका हुन्।



गत असार १ गते मध्यराति परेको अविरल वर्षाका कारण वडा नम्बर १० र ११ मा गएको पहिरोले १२ परिवारको घरमा क्षति हुन पुगेका थियो। पहिरोले दुईवटा घर बगाएको थियो भने दुई घर उच्चजोखिममा तथा अन्य घरमा आंशिक क्षति पुर्याएको थियो। कार्यक्रममा पहिरोले घर बगाएर पूर्ण क्षति भएको मैतासिंह/चिजकुमारी गुरुङको परिवारलाई नगद रु ७ लाख, हरीकला गुरुङ र उनको घरमा रेष्टुरेण्ट सञ्चालन गर्दै आएका छबि राना मगरलाई ७५ /७५ हजार, विस्थापित बुद्धीराज परियार (पञ्चे कान्छा) र मनबजु परियारलाई नगद १ लाख २५ हजार / १ लाख २५ हजार प्रदान गरिएको थियो। त्यसैगरी आंशिक क्षति पुगेका दोबाटोका राजमान गुरुङ, खड्का जैसी, घुर्जुङका लाल गुरुङ, सोही स्थानकै राम प्रसाद गुरुङ, धनु गुरुङ, कत्रोका मिम कुमारी बिक र टेक बहादुर जैसीलाई समान २२ हजार/२२ हजारको दरले प्रदान गरिएको हो। हस्तान्तरण पश्चात बोल्दै अध्यक्ष अमृत गुरुङले आफ्नै आँखा अगाडी गाउँलेलाई चोट परेको देख्दा आफू यत्तिकै बस्न नसकेको र चोटमा मल्हम लगाउन सहयोग गर्नुपर्छ भने लागेर पीडितहरुकै अनुमतिमा राहत संकलनमा अगाडी बढेको बताए। उनले भने, 'आफ्नै घर आँगनमा पहिरोले लगेर विस्थापित हुँदा केहि न केहि गरौं भनेर असार ४ गते देखि राहतका लागि अभियान चलाएका हौं'। उनले स्वदेश तथा विदेशमा बस्ने सहयोग दाताहरु बाट छोटो समयमै जम्मा रु १३ लाख रकम संकलन भएको बताए। उनले भने, 'हाम्रो अनुरोधमा स्वदेश तथा विदेशमा बस्ने नेपाली तथा घान्द्रुके दाजुभाई तथा दिदीबहिनीहरुले सहयोग गर्नु भयो सोही रकम नै आज हस्तान्तरण गर्न पायौं।'

कार्यक्रममा बोल्दै चलचित्र पत्रकार संघ कास्कीका अध्यक्ष अरुण गिरीले लामा अमृत फाउण्डेशनले उदाहरणीय कार्य गरेको उल्लेख गरे। उनले फाउण्डेशनको पुण्यकार्यबाट अरुले समेत पाठ सिक्नुपर्ने बताएका थिए। त्यसैगरी घान्द्रुक प्हे ल्हु संघ ईकाई समितिका अध्यक्ष प्रेम गुरुङले फाउण्डेशनको प्रसंशा गर्दै लामा अमृत फाउण्डेशनको चालेको कदमले सदैब घान्द्रुकबासीलाई एकताको सुत्रमा बाँधिन टेवा पुग्ने बताए।

सोही अवसरमा फाउण्डेशनले घान्द्रुक स्वास्थ्य चौकी र प्रहरी चौकीलाई समेत स्वास्थ्य सामाग्री प्रदान गरेको थियो। यसअघि घान्द्रुक होटल तथा पर्यटन व्यवस्थापन समिति, घान्द्रुक समाज हङकङ, घान्द्रुक समाज युके लगायतका संस्थाले समेत पीडित परिवारहरुलाई आर्थिक सहयोग गरिसकेको छ।

# ऋिषिङका..

पुनर्स्थापनका लागि प्रति घर ४ लाख रुपैयाँ उपलब्ध गराउने बताए। जसमा संघको ६०, प्रदेशको ३० र स्थानीय तहले १० प्रतिशत लगानी गर्नु पर्ने तनहुँका प्रमुख जिल्ला अधिकारी सागरराज आचार्यले जानकारी दिए। तनहुँमा यो वर्ष बाढीपहिरोमा ६ जनाले ज्यान गुमाएका छन्। ऋिषिङ, भानु र बन्दीपुर गापामा धेरै क्षति भएको छ। मुख्यमन्त्री पोखरेलले शुक्रबारै जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रको अवलोकन गरेका छन्। कोभिड महामारीका बेला अस्पतालले देखाएको सक्रियताको प्रशंसा गर्दै उनले अस्पतालको क्षमता वृद्धिका लागि प्रदेश सरकारले सहयोग गर्ने बताए। मुख्यमन्त्री पोखरेलले भीमाद बजारमा सेती नदीले पारेको क्षतिको अवलोकन गरेका थिए। भीमदमै निर्माणाधीन नेपाली कांग्रेसको कार्यालय अवलोकन गरेपछि उनी जनज्योति क्याम्पस परिसरमा वृक्षरोपणमा सहभागी भए। नेपाली कांग्रेस तनहुँका कार्यवाहक सभापति जीतप्रकाश आलेकी आमालाई भेटेर आशीर्वाद लिएका थिए। ऋिषिङको कोटदरबारस्थित शिव सरस्वति माध्यमिक विद्यालयको अवलोकन गर्दै मुखयमन्त्री पोखरेलले प्राविधिक शिक्षा प्रदान गर्न प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाए।

शुक्रबार साँझ गृह जिल्ला नवपुर आइपुगेका मुख्यमन्त्री पोखरेलले शनिबार लोकाहा खोलामा प्रस्तावित औद्योगिक क्षेत्रको अवलोकन गर्ने कार्यक्रम तय भएको छ। नारायणी नदीको कटान अवलोकन, स्थानीय नेता कार्यकर्तासँग भेटघाट गरी आइतबार बिहान पोखरा फर्कने कार्यक्रम रहेको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ।




# व्यावसायिक क्षेत्रमा छिट्टै खोपको व्यवस्थापन हुन्छः मन्त्री कँडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ साउन**

गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्थामन्त्री मणिभद्र कँडेलले व्यावसायिक क्षेत्रमा छिट्टै खोपको व्यवस्था गर्ने बताउनुभएको छ।

मन्त्री कँडेलको सम्मानमा होटेल तथा रेष्टुरेन्ट एशोसिएशन, लेखनाथद्वारा आज बेगनास तालमा आयोजित स्वागत कार्यक्रममा उहाँले कोरोना प्रभावित व्यवसायलाई पुनरुत्थान गर्न माग अनुसार खोपको व्यवस्थापन गर्न सरकार गम्भीर रहेको बताउनुभयो। पर्यटकीय रुपमा लेखनाथ क्षेत्र धेरै सम्भावना भएर पनि ओझेलमा परेको उल्लेख गर्दै उहाँले यसका लागि यहाँका सरोकारवालाको निरन्तर सक्रियता आवश्यक हुनेमा जोड दिनुभयो। उहाँले तालको संरक्षणका लागि जलाधार क्षेत्रबाट आउने गेग्रानको नियन्त्रणका लागि तत्काल पहल थाल्न सरोकारवाला सबैसँग आग्रह पनि गर्नुभयो। बेगनास ताल धार्मिक तथा पर्यटन विकास संस्थाका अध्यक्ष ध्रुवनाथ अधिकारीले सम्भावना भएर पनि ओझेलमा परेको लेखनाथ क्षेत्रको पर्यटकीय विकासलाई चासो दिन मन्त्री कंडेललाई आग्रह गर्नुभयो। सो तालका डुङ्गा व्यवसायी समितिका अध्यक्ष ढकनाथ कँडेलले कोरोनाका कारण प्रभावित पर्यटनलाई जोगाउनका लागि राज्यको ध्यान पुग्नुपर्नेमा जोड दिनुभयो।

होटेल तथा रेष्टुरेण्ट एशोसिएशन लेखनाथका पूर्वअध्यक्ष दुर्गाप्रसाद अधिकारीले प्राकृति रुपमा सम्पन्न लेखनाथमा बाटोघाटोलगायत पूर्वाधार विकासमा राज्यले चासो दिनुपर्ने आवश्यकता औंल्याउनुभयो। पचभैया सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष दीनानाथ ढकालले लेखनाथ क्षेत्र अझै पनि सरकारको प्राथमिकतामा नपरेको बताउँदै राजनीतिक तहबाट आश्वासनभन्दा पनि कार्यान्वयनको पाटोलाई ध्यान दिन आग्रह गर्नुभयो। होटेल तथा रेष्टुरेण्ट एशोसिएशन, लेखनाथका अध्यक्ष अर्जुनप्रसाद लम्सालले लेखनाथलाई सात तालको शहर भनिए पनि त्यस अनुरुप यसको प्रवर्द्धन र विकासमा सरकारको ध्यान नपुगेको गुनासो गर्नुभयो।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

फोनभन्दा चिठी लेख्नै राम्रो । - हेनरी मिलर

## सम्पादकीय

# संविधान मिच्ने काम नगर

सत्ता गठबन्धनलाई कसरी संचालन गर्ने भनेर सरकारको न्युनतम साझा कार्यक्रम बनाउँदा स्थानीय तहलाई प्रदेश तह मातहत राख्ने भनिएको छ । संविधानले तीन तहका सरकारको ब्यवस्था गरेको छासंघ,प्रदेश र स्थानीय तहासबैको अधिकार संविधानमा तोकिएको छ । कुनै सरकार कसैको मातहत राख्न खोज्नु संविधान विपरीत हुन्छ । सबै आ आफ्ना अधिकारप्रति सचेत छन । बहुमतको नाममा संविधान मिचेर जान खोज्दा के अवस्था हुन्छ भन्ने केपी शर्मा ओलीले भोगेका छन । ओलीले संविधान मिचेर चल्न खोजेको आरोप लगाउँदा आफुले संविधान विपरीत चल्न पाउनुपर्छ भन्नू द्वैध चरित्र हो ।

सरकारले सार्वजनिक गर्न बाँकी रहेको र संचार माध्यममा सार्वजनिक भएको स्थानीय तह प्रदेश मातहत ल्याउने बुँदाप्रति सरोकारवाला संस्थाहरुले आपत्ति जनाएका छन् । शेरबहादुर देउवा नेतृत्वको संयुक्त सरकार संचालनका लागि बनाइएको न्यूनतम साझा कार्यक्रममा 'स्थानीय तहलाई प्रदेशको क्षेत्राधिकारभित्र ल्याउन आवश्यक कार्य गर्ने' उल्लेख छ । सरोकारवाला संस्थाहरु गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, नेपाल नगरपालिका संघ र जिल्ला समन्वय समिति महासंघले सो बुँदामा आपत्ति जनाउँदै नसच्च्याए आन्दोलन गर्ने चेतावनी दिएका छन् । नेपाल नगरपालिका संघका अशोककुमार ब्याञ्जु श्रेष्ठले नेपालमा स्थानीय स्वायत्त शासनको अभ्यासको इतिहास धेरै लामो रहेको स्मरण गर्दै अहिले त्यसलाई प्रदेश मातहत ल्याउनु गतल भएको बताएका छन ।

'जनताको नजिकमा रहेको गौरवमय इतिहास बोकेको र लोकतन्त्रको आधारस्तम्भ रहेको स्थानीय तहको संवैधानिक अधिकार अक्षुण राख्न जस्तोसुकै परिस्थितिको सामना गर्नपनि तयार छौं,' उनले भनेका छन । 'विश्वभरिको विकासको कुरा गर्दा स्थानीय तहबिना विकास भएको छैन् । स्थानीय तहबिना विकास हुनैसक्दैन् ।' एक वर्षको कोभिड -१९का विरुद्ध अग्र भागमा रहेर जुध्ने स्थानीय तह हुन भन्ने पुष्टि भएको छ । गाउँपालिका राष्ट्रिय महासंघ नेपालका अध्यक्ष होमनारायण श्रेष्ठले कुनै एक तहको सरकारको कार्यसम्पादनमा प्रभावकारिता आएन भन्ने नाममा स्थानीय तह नै विघटन गर्ने गर्नु गलत भएको भन्दै त्यो मान्य नभएको बताएका छन् । 'सत्तारुढ गठबन्धनको प्रस्तावले संविधानको यो अवधारणलाई भत्काउने र मुलुकमा शासकीय अराजकता सिर्जना भइ वर्तमान राजनीतिक व्यवस्थामाथि नै गम्भीर धक्का पुग्ने गाउँपालिका महासंघको ठहर रहेको छ । न्युनतम साझा कार्यक्रमबाट सच्च्याइनुपर्ने माग स्थानीय तहको मात्रै होइन ।

संसद्को सबैभन्दा ठूलो दल एमालेले बिरोध जनाएको छासंघीयताको बिरोध गर्नेहरुलाई जिस्क्याउने काम हो । त्यसमा सम्बोधन नभए आन्दोलनमा जाने चेतावनी तीनवटै महासंघले दिएका छन । 'संविधान विपरित जाने तागत कोही शासकलाई छैन भन्ने प्रतिनिधिसभा विघटनले देखाएको छ ।, 'संघर्ष गर्नु हाम्रो रहर होईन, तर माग पूरा नभए आन्दोलन गर्ने चेतावनी दिएका छन । जिल्ला समन्वय समिति महासंघका अध्यक्ष सीता सुन्दासले पनि उक्त प्रावधानलाई तत्काल हटाई सक्षम र सवल स्थानीय सरकार बनाउने प्रावधान थप गर्न अनुरोध गरेकि छन । स्थानीय तहलाई प्रदेश मातहतमा राखिनेगरि कार्यक्रम बनाईनु स्थानीय तहको मर्म र भावनाविपरित हो ।

# ८८ विद्यालय भवन पुनःनिर्माण

**रासस**
**म्याग्दी, २३ साउन**

भूकम्पले क्षति पुगेका म्याग्दीका ८८ वटा विद्यालयका भवन पुनःनिर्माण भएको छ । राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले विसं २०७२ को भूकम्पले भत्किएका र जीर्ण बनेका विद्यालय भवन पुनःनिर्माण गरेको हो । प्राधिकरणको जिल्ला आयोजना कार्यान्वयन एकाइ (शिक्षा) म्याग्दीका प्रमुख तुलाराज चौलागाईले २०७८ असार मसान्तसम्म ८८ वटा विद्यालयमा २८२ वटा कक्षा कोठा भवन पुनःनिर्माण भएको जानकारी दिनुभयो । "एक सय पाँच विद्यालयका ३४४ कक्षा कोठा, ५० शौचालय र २७ वटा खानेपानी आयोजना पुनःनिर्माण गर्ने लक्ष्य रहेको थियो", उहाँले भन्नुभयो, "८८ विद्यालयका २८२ कक्षा कोठा, ४५ शौचालय र २५ वटा खानेपानी पुनःनिर्माण सकिएको छ ।" तीस वटा दुई कोठे, १० वटा तीन कोठे, ४८ वटा चार कोठे भवन पुनःनिर्माण भएको छ । पैतीस वटा भवन गत आर्थिक वर्ष २०७७/७८ मा निर्माण सकिएका हुन् । गत वर्ष ३७ वटा चार कोठे, तीन वटा तीन कोठे, १० वटा दुई कोठे भवन पुनःनिर्माणका लागि विद्यालय व्यवस्थापन समितिसँग सम्झौता भएको थियो ।

गत आवमा २४ वटा चार कोठे, एक वटा तीन कोठे र दश वटा दुई कोठे भवन निर्माण सकिएका छन् । पैतालिस शौचालय र २५ वटा खानेपानीका योजना निर्माण भएको छ । गत वर्ष सम्झौता भएका १७ वटा भवन, पाँच वटा शौचालय र दुई वटा खानेपानी आयोजनाले पूर्णता पाउन बाँकी छ । तेह्र वटा चार कोठे, दुई वटा तीन कोठे र दुई वटा दुई कोठे भवन निर्माणाधीन अवस्थामा छन् । एक वटा चार कोठे भवनको दोस्रो तला ढलान बाँकी छ भने अरु सबै रङरोगन गर्ने अवस्थामा रहेका एकाइका इञ्जिनीयर विष्णु रिजालले बताउनुभयो । आव २०७७/७८ मा ३० शौचालय र २७ वटा खानेपानीका योजना निर्माणका लागि सम्झौता भएको थियो ।

पाँच शौचालय र दुई खानेपानीका योजना निमाणाधीन अवस्थामा छन् । आव २०७३/७४ देखि जिल्ला आयोजना कार्यान्वयन एकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)मार्फत विद्यालय भवन पुनःनिर्माण कार्यको थालनी भएको थियो । विसं २०७६ साउन १ मा जिल्ला आयोजना कार्यान्वयन एकाइ (शिक्षा) स्थापना भएपछि म्याग्दीमा विद्यालय भवन, शौचालय र खानेपानी पुनःनिर्माणले थप तीव्रता पाएको हो । कोरोनाको जोखिम, वैशाख तेस्रो सातादेखि गरिएको निषेधाज्ञा र जेठको अन्तिम सातादेखि शुरु भएको बर्सातले ग्रामीण सडक अवरुद्ध भएर निर्माण सामग्री ढुवानी गर्न नसक्दा विद्यालय भवन पुनःनिर्माणका योजना प्रभावित बनेका हुन् । कतिपय विद्यालयमा दोस्रो चरणमा भवन निर्माण भइरहेको छ ।

सुविधा सम्पन्न भूकम्प प्रतिरोधी क्षमताको अपाङ्गमैत्री भवन निर्माण भएपछि पठनपाठन सहज र विद्यार्थीले सुरक्षित महसुस गरेका हिमाञ्जल मावि नागीका प्रअ रमन पुनले बताउनुभयो । जीर्ण भवनमा जोखिम मोलेर त्रासपूर्ण वातावरणमा पठनपाठन गर्नु/गराउनुपर्ने विद्यार्थी र शिक्षकको बाध्यता हटेको अमर ज्योति मावि डाडागाउँका प्रअ वीरबहादुर पुनले बताउनुभयो ।

भूकम्प प्रतिरोधी क्षमताका विद्यालय भवन अपाङ्गमैत्री छन् । खानेपानी आयोजनाका संरचनालाई बालमैत्री बनाइएको छ । शौचालयका योजना छात्रामैत्री छन् । विद्यालय भवन पुनःनिर्माणका लागि म्याग्दीमा हालसम्म करिब रु ६० करोड खर्च भएको छ । आव २०७७/७८ मा पूँजीगत शीर्षकमा रु २६ करोड १९ लख ५१ हजार बजेट विनियोजन भएकोमा रु २४ करोड ९९ लाख खर्च भएको एकाइका लेखा प्रमुख नारायप्रसाद सुवेदीले बताउनुभयो ।

भौगोलिक विकटता, वैदेशिक सहायता शीर्षकबाट दाताले प्रतिबद्धता जनाएको बजेट समयमा नआउने र स्थानीयस्तरमा पर्याप्त मात्रामा दक्ष मजदुरको अभाव विद्यालय भवन पुनःनिर्माणका क्रममा म्याग्दीमा देखिएका चुनौती हुन् ।

# बैँसीशहर-चामे सडकअन्तर्गत लमजुङ खण्ड खुल्यो : स्थानीयवासीमा खुशीयाली

**-जनक श्रेष्ठ**
**लमजुङ, २३ साउन**

लमजुङ र मनाङ जोड्ने बैँसीशहर-चामे सडकअन्तर्गत लमजुङतर्फको खण्ड करिब दुई महिनापछि पूर्णरूपमा खुलेको छ ।

अविरल वर्षासँगै आएको बाढीपहिराले गत असार १ गतेदेखि सो सडक अवरुद्ध भएको थियो । सडकको विभिन्न स्थानको ढुङ्गा माटा तथा पहिरा हटाउनुका साथै सडक मर्मत सम्पन्न गरेपछि आजदेखि लमजुङ खण्डमा पूर्णरूपमा सवारी सञ्चालनमा आएको सडक डिभिजन कार्यालय दमौलीले जनाएको छ । कार्यालय प्रमुख अमित श्रेष्ठले भन्नुभयो, 'यस सडकमा असार १ गतेयता विभिन्न ठाउँमा सडकको माथिबाट पहिरा आउने र कुनै कुनै स्थानमा सडक बगाएको थियो । हामीले सोही दिनबाट सडक खुलाउने प्रयास गर्न खोजे पनि निरन्तर वर्षाका कारण काम अघि बढाउन सकेका थिएनौं । यही साउन ५/६ गतेदेखि शुरु गरेर विभिन्न ठाउँमा सडक खुलाउँदै जाने क्रममा रामबजार नजिकको सडकखण्ड पनि खुलाउन सफल भएसँगै लमजुङतर्फ पूर्णरूपमा सडक खुलेको हो ।

रामबजार नजिक मर्स्याङ्दी नदीमा पानीको बहाव बढेका कारण सडक दलदल हुने, भासिने भएकाले सवारी सञ्चालन हुन सकेको थिएन । पानीको बहाव केही कम भएपछि यही साउन १९ गतेदेखि काम शुरु गरेर सडक ट्र्याक बनाई सवारी सञ्चालन गरेको कार्यालय प्रमुख श्रेष्ठको भनाइ छ । रामबजार नजिकको सडक खुलेपछि लमजुङतर्फ मात्र होइन, मनाङको सिरानतालसम्म अर्थात् बैँसीशहरबाट ३८ किलोमिटरसम्मको सडक खुलेको छ । यो सडक लमजुङतर्फ ३५ र मनाङतर्फ ३० किलोमिटर गरी कूल ६५ किलोमिटरको लामो छ । लमजुङतर्फ बैँसीशहर नगरपालिका-६ स्थित खरखरे भिर, बेलौती विसना, मर्स्याङ्दी गाउँपालिकास्थित अरखलेबैँसी, घोप्टेभिर, स्यागे, सिरीचौर, म्यार्दीभिरमा सडक अवरुद्ध भएको थियो । यी सबै ठाउँका पहिरा खुलाउनका लागि यतिका समय लागेको सडक डिभिजन कार्यालय दमौली तनहुँले जनाएको छ । खरखरे भिरलगायत स्थानमा पटक-पटक सडक खुलाउँदै बन्द हुँदै गरेको थियो । सडक सञ्चालनमा आएपछि सवारी आवतजावत हुँदा यात्रु हर्षित बनेका छन् । यस सडक पूर्णरूपमा बन्दा हुँदा मनाङवासी अन्यत्र जिल्ला जानुपर्दा वा आउनुपर्दा पनि हेलिकोप्टर चढ्नु पर्ने बाध्यता थियो । अब केही सहज भएको स्थानीयवासीको भनाइ छ । लमजुङतर्फबाट सो क्षेत्रसम्म सवारी सञ्चालन भए तापनि मनाङतर्फ खोत्रो, धारापानी, धाना क्यू, तिमाङलगायतका पाँच/छ ठाउँमा सडक अवरुद्ध भइरहेको छ । तीमध्ये सबैभन्दा बढी यस सडकको ३८ किलोमिटर सिरानतालबाट ५० किलोमिटर तिमाङसम्मको बीच भागमा क्षति पुगेको र त्यसको निर्माणमा धेरै समय लाग्ने प्रमुख श्रेष्ठले बताउनुभयो ।

विशेषगरी खोत्रोमा १५० मिटर र धारापानीमा १४० मिटर सडक नै मर्स्याङ्दी नदीले बगाएकाले यी दुई ठाउँमा सडक खुलाउन बढी समय लाग्ने छ । यी ठाउँमा काम गर्नका लागि ठेक्कासमेत खुलाएको र भोलि आइतबार ठेक्का सार्वजनिक हुने सो कार्यालयले जनाएको छ । यो सडक आगामी असोज २० गतेसम्ममा पूर्णरूपमा खुलाउने बताइएको छ । यस वर्षको बर्खायाममा आएको बाढीपहिराले दर्जनौं स्थानमा क्षति पुगेको छ । सडकमा करिब रु १५ करोड बराबरको क्षति पुगेको अनुमान सो कार्यालयको छ । हिमाली जिल्ला मनाङलाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने सरकारको योजनाअनुरूप विसं २०५१ देखि सडक डिभिजन कार्यालय दमौलीले निर्माण शुरु गरेको थियो । योजना कार्यान्वयन भएसँगै माओवादी सशस्त्र द्वन्द्व शुरु भयो । योसँगै अन्य विविध कारणले अवरुद्ध भएको सडक निर्माणको जिम्मा नेपाली सेनालाई दिएको थियो । विसं २०५७ मा सेनाले सडक निर्माणको जिम्मा पाएर काम अघि बढाएर विसं २०६९ मा सम्पन्न गरेर सडक डिभिजन कार्यालय दमौलीलाई हस्तान्तरण गरेको थियो ।

सवारी चढ्ने मनाङवासीको सपना सडक निर्माण शुरु भएको १८ वर्षपछि मात्रै बैँसीशहर-चामे सडकखण्ड निर्माण पूरा भएको थियो । नेपाली सेनाले बाँदरसमेत लड्लाजस्तो जोखिमपूर्ण भिरमा ज्यानको बाजी राखेर सडक निमार्ण गर्न सफल भएको थियो । मर्स्याङ्दी नदीबाट ३०० देखि एक हजार ६०० फिट माथि हुँदै सडक निर्माण भएको छ ।

यस सडकमा वर्षेनी बाढी पहिराले विषेशगरी बर्खायाममा सडक अवरुद्ध बनाउँदै आएको छ । सडकका लागि करौंडौ रुपैयाँ सरकारले वर्षेनी खर्च गर्दै आएपनि दिगोरूपमा गुणस्तरीय सडक हुन नसक्दा सवारी चालकदेखि यात्रु तथा स्थानीयवासीलाई बढी समस्या हुँदै आएको छ ।

# अधुरै रह्यो कालोपत्रे सडक

**पोखरापत्र संवाददाता**
**बागलुङ, २३ साउन**

बागलुङ बजारदेखि सिगाना-चापाखर्क हुँदै गुल्मीको शान्तिपुर जाने सडक झण्डै ५० किलोमिटर छ । एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रममा छनोटमा परेको सडक भए पनि पाँच वर्षको अवधिमा बागलुङ बजारदेखि जम्मा तीन किलोमिटर सडक मात्रै पक्की छ ।

पाँच वर्ष अघि बागलुङ बजारको देउराली चोकबाट अप्ठ्यारोमा ढलान र सजिलोमा कालोपत्रे गरेको सडक तीन किमी नपुग्दै भत्किसकेको छ ।

वर्षमा पाँच/सात सय मिटर सडक मात्रै पक्की बन्ने अवस्थाले निरन्तरता पाइरहने हो भने सिगाना सडक पुग्न अझै दश वर्ष लाग्नेछ । गत आर्थिक वर्षमा स्थानीय पूर्वाधार साझेदारी योजनाअन्तर्गत सांसद विकास कोषको रु २५ लाख र बागलुङ नगरपालिकाको रु २५ लाखमा जम्मा २७० मिटर सडक कालोपत्रे गर्ने योजना थियो । त्यही सडकमा समेत विवाद उत्पन्न भए पछि अहिले सडक अधुरै बनेको छ । दुई सय ७० मिटर सडक कालोपत्रे गर्ने विषयमा स्थानीय जग्गाधनी र बागलुङ नगरपालिकाबीच उत्पन्न विवाद जिल्ला अदालतसम्म पुगे पछि उक्त सडकको यता र उता कालोपत्रे गरिए पनि बीचको ४० मिटर सडक कालोपत्रे गर्न नसकिएको बागलुङ नगरपालिकाका इञ्जिनीयर मनोज शर्मीले जानकारी दिनुभयो । "सडक कालोपत्रे थोरै थियो, विवाद धेरै भयो, अदालतको आदेश अनुसार विवादित जग्गा छोडेर कालोपत्रे गरेका छौं, अहिले विस्तार गरेको सडक त्यो हैन, पुरानै सडकलाई नाली हालेर ग्राभेल गरेका थियौं", शर्माले भन्नुभयो, "अदालतको आदेश आए पछि त्यही स्थान छोडेर दायाँबायाँ कालोपत्रे गरेका छौं, निर्माण व्यवसायीलाई काम घटेका कारण रकमसमेत घटाएर भुक्तानी दिएका छौं ।" शर्माका अनुसार उक्त सडकमा ठाडाखोला-बोक्से सडक उपभोक्ता समितिमार्फत रु ३० लाखमा त्यसअघि थप सडक स्तरोन्नति र पक्की नाली बनाइएको छ । रु २७ लाखको आयोजनामा ५० प्रतिशत मात्रै प्रगति भएकाले सोहीअनुसार भुक्तानी दिइएको छ ।

सडकको तलमाथि कटिङ गर्नुपर्नेमा आफ्नो जग्गातर्फ एकतर्फीरुपमा जग्गा प्रयोग गरी सडक विस्तार गरेको भन्दै स्थानीय जग्गाधनी सञ्जय श्रेष्ठले जिल्ला अदालत बागलुङमा मुद्दा हालेपछि जिल्ला अदालत बागलुङले असार २५ गते अन्तरिम आदेश गरेको छ । जग्गाधनी श्रेष्ठको जग्गामा काम नगर्नु भनेर अन्तरिम आदेश भए पछि सडक कालोपत्रे गर्ने काम रोकिएको छ । बागलुङमा विकास निर्माणमा ढिलाइ, गुणस्तरहीन काम र सडक बनेपछि नाली निर्माणजस्ता बेथिति विद्यमान रहेकोमा मुद्दा परे पछि सडक कालोपत्रेमा थप ढिलाइ र अन्यौलता थपिएको छ । विसं २०७५ मा दुवैतर्फ मिलाएर सडक विस्तार गर्न नगरपालिकालाई निवेदन दिए पनि नगरपालिकाले मिलेमतोमा तलपट्टिको जग्गामा काम नगरी आफ्नो तीन आना जग्गा मिचेर सडकमा हालेको जग्गाधनी श्रेष्ठको गुनासो छ । "तीन पटक सडक विस्तार हुँदा तलको जग्गा छोएन, यो त सरासर धाँधली भयो, सडक विस्तार गर्न मैले नदिएको हैन तर दुवैतर्फ बराबर विस्तार हुन पर्‍यो", श्रेष्ठले भन्नुभयो, "सडक तल ग्याविन वाल लगाउने डिजाइन भए पनि नगरपालिकाले नलगाएर सडकमाथिको जग्गा मात्रै प्रयोग गर्दा समस्या भयो, म त विकास हुन पर्छ भन्ने मानिस हो तर अर्काको जग्गा नछुने मेरो मात्रै काट्ने काम राम्रो भएन ।" एकतर्फी साढे चार मिटर जग्गा कटान भएको भन्दै श्रेष्ठले सडक तलको गणेश पौडेलको जग्गामा दुई मिटर सडक बनाउनुपर्ने जिकिर गर्नुभयो । उक्त सडक आरएस निर्माण सेवाले कालोपत्रे गरेको हो ।

# कक्षा १२ को परीक्षा स्थगित

**रासस**
**काठमाडौं, २३ साउन**

राष्ट्रिय परीक्षा बोर्डले यही साउन ३१ गतेदेखि भदौ ९ गतेसम्म सञ्चालन गर्न तयारी गरेको कक्षा १२ को परीक्षा स्थगन भएको छ । परीक्षा आउन एक हप्ता बाँकी हुँदा बोर्डको शनिबार बसेको बैठकले अन्तिम तयारी पूरा गरिसकेको परीक्षा स्थगन गर्ने निर्णय गरेको बोर्डका परीक्षा नियन्त्रक कृष्ण शर्माले जानकारी दिनुभयो ।

कक्षा ११ को परीक्षा हाल भौतिकरूपमा होमसेन्टरमा सञ्चालन भइरहेको अवस्थामा बोर्डले कक्षा १२ को परीक्षा स्थगन गर्ने निर्णय गरेको छ । परीक्षा नियन्त्रक शर्माका अनुसार कक्षा ११ को परीक्षा ९० प्रतिशत सकिएको र यता कोरोना सङ्क्रमण बढ्दै गएको अवस्थामा कक्षा १२ को परीक्षा भने स्थगन गर्ने निर्णय भएको छ । परीक्षा कहिले कसरी सञ्चालन हुन्छ भन्नेबारेमा बोर्डको अर्को बैठकले निर्णय गरी परीक्षा सञ्चालन हुनुभन्दा १५ दिन अगाडि नै सूचना सार्वजनिक गरिने उहाँको भनाइ थियो ।

स्वाथ्यराज्यमन्त्री उमेश श्रेष्ठले कोरोना सङ्क्रमण बढ्दै गएकाले भौतिकरूपमा परीक्षा सञ्चालन नगरी आन्तरिक मूल्याङ्कनबाट गर्ने बताउनुभएको थियो । त्यसपछि स्वास्थ्य मन्त्रालयको सिफारिशमा कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसीएमसी)ले कोरोना सङ्क्रमण बढ्दै गएको कारण देखाउँदै तत्काल परीक्षा गर्न नसक्ने भन्दै बोर्डलाई नयाँ मिति तय गर्न पत्राचार गरेपछि बोर्डले परीक्षा स्थगन गर्ने निर्णय गरेको हो । विद्यार्थी सङ्गठन र अभिभावकले सबै परीक्षार्थी र परीक्षामा संलग्न सबैलाई कोभिडविरुद्धको खोपको व्यवस्थापन गर्न, व्यवस्थापन गर्न नसक्ने भए स्थगन गर्न माग गर्दै आएका थिए । कक्षा १२ मा तीन लाख ७२ हजार ३४८ परीक्षार्थीका लागि बोर्डले चार हजार ३१० परीक्षा केन्द्र निर्धारण गर्दै होम सेन्टरमा सुरक्षित भएर परीक्षा सञ्चालन गर्न सकिने गरी तयारी अन्तिम चरणमा पुर्‍याएको बताउँदै आएको थियो । परीक्षा बोर्डले यसपटक १०० पूर्णाङ्कको परीक्षा गराउने गरी भौतिक दूरी कायम गर्दै एउटा कक्षामा २५ जनामात्रै विद्यार्थी राखेर परीक्षा सञ्चालन गर्ने तयारी गरेको थियो । बोर्डले परीक्षाको सबै तयारी पूरा गरिसकेको र परीक्षाअगावै सबै परीक्षार्थीलाई खोपको व्यवस्थापन गरी परीक्षा केन्द्रहरूमा हेल्थ डेस्कको व्यवस्था गर्न स्वास्थ्य मन्त्रालयलाई आग्रह गरेका थिए । बोर्डले सबै तयारी पूरा गरेको, विद्यार्थी पनि सुरक्षितरूपमा परीक्षा दिन तयार भएको र कक्षा ११ को परीक्षा भौतिकरूपमा होम सेन्टरमा अहिले पनि चलिरहेको बताएको छ । बोर्डले गत वर्ष परीक्षा समय र अङ्कभार घटाएर परीक्षा लिएको थियो । बोर्डले ४० प्रतिशत मूल्याङ्कनका लागि मात्रै परीक्षा लिएको थियो । बाँकी ४० प्रतिशत मूल्याङ्कन कक्षा ११ को नतिजाका आधारमा र २० प्रतिशत आन्तरिक मूल्याङ्कनको आधारमा परीक्षा भएको थियो । यस वर्ष परीक्षा अब कसरी र कहिले हुन्छ भन्ने अन्योल शुरु भएको छ ।


## तपाईंको आज

| | | | | | |
|---|---|---|---|---|---|
| मेष | : | कार्यमा सफलता | तुला | : | मानसिक तनाब |
| वृष | : | अप्रत्यसित लाभ | वृश्चिक | : | आर्थिक समस्या |
| मिथुन | : | शत्रुको भय | धनु | : | सत्कार मिल्नेछ |
| कर्कट | : | सम्मान मिल्नेछ | मकर | : | झमेला बढ्ने |
| सिंह | : | सहयोग मिल्नेछ | कुम्भ | : | शारीरिक झमेला |
| कन्या | : | मन चञ्चल | मीन | : | ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# लामो पुल विज्ञापन बोर्डले कुरुप बन्ने खतरा

**पोखरापत्र संवाददाता**
**बागलुङ, २३ साउन**

सिङ्गल स्पान प्रविधिमा बनेको संसारकै लामोपुल भनेर प्रचारित बागलुङ अदुवाबारी पुलको अवलोकन गर्न आउनेको ठूलो लर्को लाग्ने गरेको छ।

कोरोना महामारीका कारण भइरहेको निषेधाज्ञा र महामारीको त्रास छल्दै पुल घुम्न आउनेको कमी छैन । कालीगण्डकीमाथि बनेको पुल आफैँमा सुन्दर छ । पुलको पश्चिमतर्फ पर्ने शहीदपार्कले पर्यटकलाई लोभ्याउँछ । त्यही पार्कतर्फको भाग अव्यवस्थितरुपमा विज्ञापनका लागि राखिएका होर्डिङ बोर्डका कारण कुरुप हुन थालेको देखिएको छ।

पुल घुम्नका लागि आउने पर्यटक भने छेउछाउका जर्बजस्त राखिएका होर्डिङ बोर्डले गिज्याउने गरेको छ । "लामो पुलको राम्रो फोटो खिचौँ भनेको दायाँबायाँ साथी राखेको जस्तै विज्ञापनका बोर्डको फोटो आउँदो रहेछ", पोखराबाट घुम्नका लागि बागलुङ आउनुभएका सुदीप पौडेल भन्नुहुन्छ, "पुल र प्रकृति छेकिने गरेर किन बोर्ड राखेका होलान् ?"

विभिन्न देशमा अध्ययनका लागि विद्यार्थी पठाउने बागलुङका केही कन्सल्टेन्सीले पुलको छेउछाउमा होर्डिङ बोर्ड राखेका छन् । नगरका जुनसुकै सार्वजनिक स्थानमा बोर्ड राख्दा निश्चित राजस्व तिर्नुपर्ने व्यवस्था छ। विज्ञापन गर्ने कम्पनी वा फर्मले तिरेको करबाट नगरपालिकाले बोर्डको व्यवस्थापन गर्नुपर्ने हो तर बागलुङ नगरपालिकाले भने बोर्ड राखेको विषयमा आफूहरुलाई जानकारी नभएको बताएको छ।

"रामरेखा सामुदायिक वनक्षेत्र पर्छ, वनकै जग्गा हो, वनले दिएको भए थाहा भएन", बागलुङ नगरपालिकाका सूचना अधिकारी युक्तप्रसाद सुवेदीले भन्नुभयो, "अव्यवस्थित र कानुनविपरित राखेको भए हटाउन लगाइने छ।"

रामरेखा सामुदायीक वन उपभोक्ता समितिका अध्यक्ष कर्ण बोहराले केही कम्पनीले बोर्ड राख्नका लागि अनुरोध गरेको भएपनि कुनै प्रक्रिया भने पूरा नगरेको बताउनुभयो । "राजस्व तिर्नुपर्छ वा सेवा शुल्क लिन पाइन्छ भन्ने विषयमा मलाई थाहा भएन, केही भाइहरुले बोर्ड राख्छौँ भनेका थिए।" व्यवस्थित नगरिएका बोर्डका कारण पुलमा आउने पर्यटक तस्बीर खिचाउन हिचकिचाउने गरेका छन् । पुलमा खिचिएको तस्वीरमा बोर्डको स्पष्ट चित्र आउने र निःशुल्क सामाजिक सञ्जालमार्फत विज्ञापन हुनेगरी बोर्ड राखिएको छ।

बागलुङकै मुख्य प्रवेशद्वार मालढुङ्गा पनि अव्यवस्थित बोर्डका कारण कुरुप देखिने गरेको छ। व्यावसायिक प्रयोजनका लागि राखिएका अव्यवस्थित होर्डिङ बोर्डहरुले बागलुङ प्रवेशद्वारको शोभा नै घटाइदिएको छ।प्रवेशद्वारमै जिल्लाका धार्मिक, प्राकृतिक तथा सांस्कृतिक सम्पदाको चिनारी गराउनुपर्ने ठाउँमा अव्यवस्थित व्यावसायिक होर्डिङ बोर्ड मात्र टाँगिएका छन् ।

मदिराका होडिङ बोर्डले बागलुङमा स्वागत गरिरहेको उपभोक्ता मञ्च बागलुङका अध्यक्ष शैलेन्द्रकुमारले श्रेष्ठ बताउनुभयो । "हाम्रो चिनारी यही हो ? मदिराको व्यापार ?", उहाँले भन्नुभयो, "हामीले देखाउने र चिनाउने कुरा धेरै छन्, त्यसतर्फ कसैको ध्यान गएन ।" सन्देशमूलक बोर्डबाहेकका अन्य बोर्ड तथा ब्यानर हटाउनका लागि प्रक्रिया बढिरहेको बागलुङ नगरपालिकाले बताएको छ।

# व्यास नगरपालिकाद्वारा चार कार्यविधि पारित

**पोखरापत्र संवाददाता**
**तनहुँ, २३ साउन**

तनहुँको व्यास नगरपालिकाले आवश्यक देखिएका चारवटा कार्यविधि पारित गरेको छ । नगर प्रमुख वैकुण्ठ न्यौपानेको अध्यक्षतामा नगर कार्यपालिकाको नियमित बैठकले चार कार्यविधि पारित गरेको कार्यालयका सूचना प्रविधि अधिकृत विशाल पण्डितले जानकारी दिनुभयो।

व्यास नगर समता आवासीय विद्यालय सञ्चालन कार्यविधि २०७८, व्यास नगरपालिका कोभिड व्यवस्थापन अस्पताल सञ्चालन कार्यविधि२०७८,व्यास नगरपालिका एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०७८ र व्यास नगर कृषि उपकरण व्यवस्थापनसम्बन्धी कार्यविधि २०७८ पारित गरेको हो । त्यसैगरी व्यास नगरपालिकाअन्तर्गत अत्यावश्यक चार विषयमा तत्काल बोलपत्र आह्वान प्रक्रिया अघि बढाउन सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरेको छ। रु २५ लाखभित्र रहने गरी विपद् व्यवस्थापनअन्तर्गत तार जाली खरिद गर्ने, व्यास नगर कोभिड व्यवस्थापनका लागि २५ शय्याको अस्पताल भवन निर्माण गर्ने निर्णय भएको सूचना अधिकृत पण्डितले बताउनुभयो।

त्यसैगरी व्यास नगरपालिकाअन्तर्गत बहुउद्देश्यीय भवन र दक्षिण पूर्वतर्फ रहेको आर सिसी भवनको छतमा कार्यालय व्यवस्थापनका लागि ट्रस निर्माण, कृषि एम्बुलेन्स सञ्चालनका लागि गाडी खरिद गर्ने निर्णय गरेको छ।व्यास नगरपालिकाअन्तर्गत नगरसभाबाट पारित सङ्गठन व्यवस्थापन संरचनामा विशेष नगरसभाबाट अनुमोदन गर्ने गरी संशोधन गरी हाल सात शाखा रहेकोमा नौ शाखा कायम गर्ने निर्णय गरेको छ।

व्यास नगरपालिकाभित्रका माध्यमिक, आधारभूत र प्रावि शिक्षकको दरबन्दी मिलान गर्दै केहि शिक्षकको काज सरुवा गर्ने निर्णय गरिएको छ । व्यास नगरपालिकाभित्रका विद्यालयमा भौतिक दूरी कायम गर्दै २०७८ साउन मसान्तभित्र नियमानुसारका अभिभावकबाट व्यवस्थापन समिति गठन गर्ने निर्णय गरेको छ।

निषेधाज्ञा अवधि २०७८ साउन मसान्तसम्म भौतिक उपस्थितिमा कक्षा सञ्चालन नगर्न सबै सामुदायिक एवं संस्थागत विद्यालयलाई निर्देशन दिने निर्णय गरेको छ। विपद्‌बाट असर पुगेका, घर गुमाएका लाभग्राहीको विवरण सङ्कलन गरी समितिबाट निर्णय गराई नगर विपद् समितिमा पेश गर्न सम्बन्धित वडा विपद् समितिलाई निर्देशन दिने निर्णय गरेको नगरपालिकाले जनाएको छ। कोभिड-१९ को सङ्क्रमण बढ्दै गएको अवस्था देखिँदा सबै वडामा आवश्यकताअनुसार सङ्क्रमण परीक्षण अभियान सञ्चालन गर्न स्वास्थ्य तथा जनसङ्ख्या शाखालाई र सबै वडा समिति र स्वास्थ्यकर्मी एवं स्वास्थ्य स्वयमसेवीलाई सचेतना अभियान सञ्चालन गर्न निर्देशन दिने निर्णय गरिएको छ।

त्यसैगरी, सम्पूर्ण नगरवासीमा मास्क अनिवार्यरुपमा प्रयोग गर्न, साबुनपानीले नियमित हात धुन वा स्यानिटाइजर प्रयोग गर्न, लापर्वाहीपूर्वक बाहिर नजान अनुरोध गर्ने निर्णय गरेको छ भने पिसिआर प्रयोगशाला जडान भइसकेकाले जनशक्ति व्यवस्थापन हुनासाथ सञ्चालन गर्ने निर्णय गरेको छ।

# एक अर्ब ६५ करोडको डाइपर आयात

**रासस**
**काठमाडौँ, २३ साउन**

गत आर्थिक वर्षमा नेपालले रु एकअर्ब ६५ करोड मूल्य बराबरका डाइपर आयात गरेको छ।

सो अवधिमा विभिन्न १५ मुलुकबाट उक्त मूल्य बराबरका १० करोड ५५ लाख थान डाइपर आयात भएको भन्सार विभागले जनाएको छ । विभागका अनुसार तीमध्ये सबैभन्दा बढी भारतबाट रु एक अर्ब ५० करोड मूल्य बराबरका करिब १० करोड थान डाइपर आयात भएको छ । त्यस्तै भियतनामबाट रु ५० लाख मूल्य बराबरका पाँच लाख २० हजार तथा पाकिस्तानबाट रु ३१ लाख मूल्य बराबरका करिब १५ हजार थान डाइपर आयात भएको विभागले जनाएको छ।

नेपालले मलेशिया, थाइल्याण्ड, युनाइटेड स्टेट्स (यूएई), टर्की, थाइल्याण्ड, हङकङ, सिङ्गापुर र डेनमार्कबाट पनि डाइपर आयात गर्ने गरेको छ। विशेषगरी नवजात शिशु, शल्यक्रिया गरेका बिरामी,ज्येष्ठ नागरिक तथा लामो यात्रा गर्नेले मलमूत्र अन्यत्र नजाओस् भन्नका लागि डाइपरको प्रयोग गर्ने गर्दछन्।

# वर्षपछि परिवारको सम्पर्कमा आए लामिछाने

**-तोलाकान्त बगाले**
**वालिङ, २३ साउन**

आफ्ना बुवासँग उपचारका क्रममा दिल्ली पुगेका वालिङ-५ पिल्लेकका एक पुरुष ३५ वर्षपछि परिवारको सम्पर्कमा आउनुभएको छ।

पिसाबमा समस्या देखिएपछि दिल्लीमै उपचार गर्ने र उतै अध्ययन गर्ने सोचसहित बुवासित गएका शोभाकान्त लामिछाने (शुकुन्त शर्मा) लाई सामाजिक सञ्जालमार्फत काभ्रे जिल्लाको बनेपास्थित एक होटलमा काम गरिरहेको रहस्य खुलेपछि शुक्रबार परिवारले सम्पर्क गरेका हुन्। करिब ११ वर्षको उमेरमा बुवासँगै दिल्ली गएको बेला चिनेकै मान्छेले काममा लगाइदिन्छु भनेर लगेको र त्यही बेलादेखि नै सम्पर्कमा नभएको आमा हिमादेवी लामिछानेले बताउनुभयो ।"बुवा-छोरा दुवै जना अलि सोभो खालको र काम लगाइदिएको ठाउँको ठेगाना, सम्पर्क नम्बर पनि नराखेकाले यस्तो समस्या आइपऱ्यो", आमा हिमादेवीले भन्नुभयो, "आफ्नै कोखबाट जन्मेको जेठो छोरो बेपत्ता भएपछि कति पीडा भयो, कति रोएँ, कराएँ सीमा नै भएन ।" सानै उमेरमा बेपत्ता भएकाले पनि उसले यहाँको ठाउँको नाम भन्न नजानेको उहाँले बताउनुभयो ।"छोरो बेपत्ता भएपछि खोजबिनका लागि धेरै कसरत गर्‍यौँ, धेरै उपायहरु लगायौँ तर अत्तोपत्तो लागेन",उहाँले भन्नुभयो, "साँझ बिहान भगवान् लाई दियो बाल्दा पनि त्यही छोरालाई सम्भिन्थेँ, आज भगवानले पुकार सुनुभयो।" भीम उपाध्यायको फेसबुक पेज र काभ्रेको बनेपाबाट प्रकाशित हुने तपाईँ हाम्रो साप्ताहिक पत्रिका तथा पत्रकार साथीहरुको सहयोगमा भाइलाई फेला पार्न सफल भएको दाजु पूर्णचन्द्र लामिछानेले बताउनुभयो। काठमाडौँमा रहनुभएका आफन्तसहित पुगेर भाइलाई भेटेर अवस्थाकाबारेमा जानकारी लिएर फर्किएको र आइतबार स्याङ्जा वालिङबाट आमा र भाइहरु आएपछि प्रक्रिया पूरा गरी घर लैजाने तयारीमा रहेको दाजु पूर्णचन्द्रले बताउनुभयो।

"म नजन्मिँदै धेरै पहिला बुवासित दाजु उपचारका लागि दिल्ली जानुभएको रहेछ", भाइ रमेश लामिछानेले भन्नुभयो, "दिल्लीबाट हराउनुभएको हो भन्ने सुनेको हुँ, अहिले काभ्रेको बनेपास्थित एक होटलमा काम गर्दै हुनुहुन्छ भन्ने सामाजिक सञ्जालमा देखेपछि र दाजुले भनेका कुरा र हुलिया मिलेपछि पहिचान भएको हो ।" काठमाडौँमा रहनुभएका गाउँका आफन्तले दाजुलाई भेटिसकेको र यताबाट लिनकालागि आइतबार (भोलि) जाने तयारी भएको भाइ रमेशले बताउनुभयो । भण्डै ४६ वर्ष पुगुभएको दाजुलाई अब घरमा ल्याएर परिवारसँगै राख्ने र उहाँले पनि अब परिवारसँगै रहने इच्छा जनाउनुभएको भाइ रमेशको भनाइ छ।


आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै बिन्ति गरुन् झुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यो ।।

## हार्दिक श्रद्धाञ्जलि



जन्म
वि.सं. २०३२/०२/१०

स्वर्गारोहण
वि.सं. २०७८/०४/१२

### स्व. बालमाया पुन

हाम्रा प्रातः स्मरणीय बुहारी/श्रीमती/आमा/छोरी/दिदी/बहिनी/भाउजु बालमाया पुन ४६ वर्षको उमेरमा मिति २०७८।०४।१२ गतेका दिन ब्रह्मलिन हुनु भएको आज १३औं दिनको पुण्यतिथिमा दिव्य आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै, यस दुःखद् घडीमा हामीप्रति समवेदना प्रकट गर्नुहुने दाजुभाइ, दिदीबहिनी, छरछिमेक, इष्टमित्र, कुलकुटुम्ब, शुभेच्छुक, विभिन्न राजनीतिक दलका नेता/प्रतिनिधि, विभिन्न सामाजिक संघ संस्था लगायत सम्पूर्ण प्रति हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछौं ।

पतिः नविन पुन
ससुराः उत्तम बहादुर पुन
देवरः प्रविण पुन
छोराः सञ्जय पुन
सासुः मायादेवी पुन
छोराः अञ्जय पुन

ससुरा/सासुहरुः
पुष्पादेवी पुन
फत्तबहादुर पुन/भीमकुमारी पुन
शान्तबहादुर पुन/नन्दकुमारी पुन
मनोहर पुन/लालमति पुन
कमला पुन
बाबुराम पुन/नानुमाया पुन
प्रताप पुन/सुकमाया पुन

आमाजु दिदी/भिनाजु
लक्ष्मी राना/अमर राना

नन्द/ज्वाइँ
जयन्ती पुन/कमल पुन
समुन घले/दिवश घले
सेलु कोइराला/दिक्पाल कोइराला
डा. जेनी थापा/प्रतिक थापा
पिंकी पुन

जेठाजु/जेठानी
खरेन पुन/कोपिला पुन

देवर/देउरानी
उमेश पुन/योगमाया पुन
पवन पुन/नेहा पुन
विशाल पुन/रेनुका पुन
सन्दिप पुन, सिद्धान्त पुन
जेम्स पुन, सोनु पुन
जस्टिन पुन

छोरा/छोरी
उमंग, सुशान, स्यामुल, निरा, ट्रेभिस पुन

भान्जा/भान्जी :
अदिती राना, कुनाल पुन, केविन पुन, देवान कोईराला, डेविड गुरुङ

बाबाः अमरसिंह गुरुङ
आमाः लालमाया गुरुङ

भाइ/बुहारी
नैनसिंह गुरुङ/विष्णुमाया गुरुङ
शान्तसिंह गुरुङ/तारादेवी गुरुङ

दिदी/भिनाजु
पूर्णिमा गुरुङ/भिम बहादुर गुरुङ

भतिजा/भतिजी
विवेक, केभिन, सोफिया गुरुङ